ॐ शक्तिपुत्राय गुरुभ्यो नमः माँ ॐ जगदम्बिके दुर्गायै नमः



# ॥ साधना निमन्त्रण ॥



धर्मसम्राट युग चेतना पुरुष सद्गुरुदेव परमहंस योगीराज

**श्री शक्तिपुत्रजी महाराज**

# राष्ट्र सेवा
# शक्ति साधना
# नशामुक्ति शिविर

## २-३ जेठ २०८२

## पशुपतिनाथ मन्दिर परिसर,
## पार्किङ ग्राउण्ड (काठमाडौं)

भगवती मानव कल्याण संगठन,नेपाल
का.म.पा-३२, सुविधानगर, काठमाडौं

ॐ शक्तिपुत्राय गुरूभ्यो नमः  माँ  ॐ जगदम्बिके दुर्गायै नमः



धर्मसम्राट युग चेतना पुरुष सद्गुरुदेव परमहंस योगीराज

## श्री शक्तिपुत्रजी महाराज

# भगवती मानव कल्याण सङ्गठन नेपाल


सुविधानगर-३२, काठमाडौं  +977-9705166533, +977-9767285050

ॐ शक्तिपुत्राय गुरुभ्यो नमः माँ ॐ जगदम्बिके दुर्गायै नमः



# एक ऋषिको
# नेपालमा पहिलो आगमन



*सिद्धाश्रम सिरमौर स्वामी **श्री सच्चिदानन्द महाराजका** अंश अवतार*

## परमहंस योगीराज श्री शक्तिपुत्रजी महाराज

# BMKS Nepal

## भगवती मानव कल्याण संगठन नेपाल

# 🙏 संगठनका उद्देश्यहरू 🙏

१) धर्मरक्षा, राष्ट्ररक्षा र मानवताको सेवा गर्नु।

२) लोप हुँदै गएको ऋषिकालीन सभ्यता, संस्कृति, परम्परा पुनर्स्थापना गर्नु।

३) जनचेतनामूलक कार्यक्रमअन्तर्गत आत्माकी जननी माता आदिशक्ति जगत जननी जगदम्बाजीको पूजा–आराधनाका लागि विभिन्न स्थानमा शक्ति चेतना जनजागरण शिविर, जिल्लास्तरीय महाआरती क्रम, अखण्ड श्री दुर्गा चालिसा पाठ तथा आरती कार्यक्रम आयोजना गर्नु ।

४) मानिसलाई पूर्णतया स्वस्थ र चेतनशील बनाउने हेतुले नसामुक्त, मांसाहारमुक्त समाजको निमार्णका लागि योग, ध्यान तथा साधना शिविरको आयोजना गर्नुका साथै माथि उल्लेखित कार्यमा सक्रिय रहेका अन्य संघसंस्थाहरूलाई पनि सहयोग गर्नु ।

५) लागूऔषधमुक्त र मांसाहारमुक्त समाज निमार्ण गर्न राष्ट्रियस्तरमा अभियान सञ्चालन गर्नु ।

६) पशुबलिको अन्त्य, मांस-मदिरा एवम् नशाजन्य पदार्थको प्रयोगलाई कानुनको दायराभित्र रहेर पुरजोर विरोध गर्नुका साथै धार्मिक आडम्बरले ल्याएको विकृति-विसङ्गति माथि विरोध जनाउँदै सही मार्गमा हिँड्नु र हिँडाउने प्रयास गर्नु ।

७) गौ–संरक्षण र प्रवर्धनका लागि काम गर्नु ।

८) दाइजो प्रथा र आडम्बरयुक्त विवाहले पर्ने आर्थिकभार न्यूनीकरणका लागि सामूहिक विवाह कार्यक्रम, पारिवारिक सुखका लागि विधवा पुनर्विवाह जस्ता कामका लागि जनचेतना जगाउने कार्य गर्नु ।

९) परमहंस योगीराज श्री शक्तिपुत्रजी महाराजद्वारा समाजमा सम्पूर्ण मानव, प्राणी र प्रकृतिको रक्षाका लागि संकल्प गरिएको १०८ महाशक्ति यज्ञ सफलतापूर्वक सम्पन्न गर्नु ।

१०) गरिब, अपाङ्ग, अशक्तलाई सहयोग गर्नु ।

११) वातावरण संरक्षण गर्न देशव्यापी वृक्षरोपण कार्यक्रमका साथै जल तथा भू–संरक्षण र वायु तथा ध्वनि प्रदूषणको क्षेत्रमा निरन्तर काम गर्नुका साथै जनमानसलाई पनि उक्त कार्यमा सहभागिताका लागि उत्प्रेरित गराउनु ।

१२) आवश्यकता अनुसार विभिन्न स्थानमा जनचेतनामूलक कार्यक्रम, विभिन्न सद्भावना यात्रा आदि आयोजना गर्नु ।

१३) राष्ट्रियस्तरबाट लागू औषध दुर्व्यसनी, मांसाहार, भ्रष्टाचार र अपराध रोकथामका लागि जनसमुदायको पहुँचमा पुग्नेगरी सांस्कृतिक, आध्यात्मिक, ऐतिकासिक आदिका साहित्य र प्रचार सामग्री प्रकाशन गरी जनतासम्म पुग्नु ।

१४) स्वस्थ समाजका लागि स्वास्थ्य शिविर आयोजना एवम् आयोजित कार्यमा सहयोग गर्नु ।

१५) धमर्शाला, शौचालय, भवन आदि लोक कल्याणकारी संरचनाको निमार्ण कार्य गर्नु ।

# आशीर्वचन

-परमहंस योगीराज श्री शक्तिपुत्रजी महाराज

यो मानव शरीर दिव्य शक्तिहरूबाट परिपूर्ण छ जसलाई प्राप्त गर्न देवीदेवताहरू पनि लालायित हुन्छन् । यो अतिशयोक्तिपूर्ण लाग्न सक्छ । तर यही नै पूर्ण सत्य हो । किनभने मनुष्यलाई मात्र त्यो मार्ग प्राप्त छ जुन मार्गमा अगाडि बढेर कर्म गर्दै आफ्नो सात चक्रलाई जागृत गर्न सक्छन्, ऋषित्वको मार्गलाई प्राप्त गर्न सक्छ र परमसत्ता माता भगवती आदिशक्ति जगतजननी जगदम्बासँग साक्षात्कार गर्न सक्छन् र दिव्य लोकको वासी बन्न सक्छन् । जुन कुरा देवीदेवतालाई पनि दुर्लभ छ ।

देवता बन्न सजिलो छ तर पूर्ण ऋषिलाई प्राप्त गर्न धेरै कठिन छ । देवत्व सधैँ ऋषित्वको अधीनमा हुन्छ । आज त्यहि मानव जीर्ण, संकीर्ण, रोगग्रस्त, भयग्रस्त, असहाय, निस्क्रिय, तनाव र समस्याबाट ग्रसित भएर दैहिक, दैविक र भौतिक तापमा जलिरहेका छन् । यसको मूल कारण हो मानव आत्माको मूल स्वरुपबाट टाढा हुनु र इन्द्रियलाई भौतिक जगतको अधिनमा राख्नु । पराधिन मनुष्य कहिल्यैपनि सुखी रहन सक्दैन जवकि त्यो पराधिनता नश्वर जगतबाट जोडिएको हुन्छ । फेरी इन्द्रियको अधीनमा जीवन जीउनेवाला मनुष्यले कहिल्यै पनि सत्य धर्मको ज्ञान प्राप्त गर्न सक्दैन । वर्तमान समयमा मनुष्य भौतिक जगतको उपलब्धिबाट तृप्त हुन चाहन्छन् । आत्माको सहज स्वभाव हो आनन्द प्राप्ति । आनन्द प्राप्ति भौतिक जगतबाट प्राप्त हुन सक्दैन । यो त शक्तिको सानिध्यबाट मात्र प्राप्त हुन सक्छ ।मनुष्यको इच्छा शक्ति र संकल्पमा धेरै ठुलो शक्ति हुन्छ ।आफ्नो संकल्प शक्तिको बलबाट मनुष्यले असंभवलाई पनि सम्भव बनाइदिन सक्छ । वर्तमानमा विज्ञानले यति त प्रयोग गरिसकेको छ कि हामी अन्य ग्रहमा



पनि आफ्नो उपस्थिति जनाउन सफल भइसक्यौँ । विज्ञानबाट ज्ञानको उत्पत्ति हुने हैन बरु ज्ञानबाट विज्ञान उत्पन्न हुन्छ। विज्ञान भौतिक जगतमा मात्र सफलता आर्जन गर्न सक्षम छ। आध्यात्मिक सफलता र आफ्नो"म" को खोज धर्म पथमा हिडेर मात्र सम्भव छ ।

वर्तमानमा मनुष्यको जीवनशैली पतनको चरम सीमामा छ। उसको आहार, विचार र व्यवहार तमोगुणी र रजोगुणी भएर शारीरिक श्रम शक्ति क्षीण भसकेको छ। आजको मनुष्य शारीरिक अंगको अत्यन्त थोरै प्रयोग गरिरहेको छ। जसको फलस्वरुप उसको शारीरिक जडता र रोगहरूको वृद्धि भइरहेको छ।हाम्रो ऋषिमुनिहरुले यस जडता र रोग मुक्तिका लागि "म" को खोज र आफ्नो शक्तिका लागि योगमार्ग, अष्टाङ्ग योगको जानकारी दिएका छन्। अतः वर्तमानमा यदि मनुष्य स्वस्थ जीवनका साथै सुख, शान्ति र समृद्धि चाहन्छ भने यस मार्गमा अघि बढ्नै पर्छ ।

> “शक्ति को आर्जन नै योग हो, शक्तिको बिसर्जन नै भोग हो।
> शक्तिको उपयोग नै जीवन हो, शक्तिको उपभोग नै मृत्यु हो।”

# पंचज्योति शक्तितीर्थ सिद्धाश्रम



> जीवन्तं मृतवन्मन्ये देहिनं धर्मावर्जितम्।
> यतो धर्मेण संयुक्तो दीर्घजीवी व संशयः ॥

अर्थात्, "धर्मविहीन मानिस मरेको मानिससरह हो। धार्मिक व्यक्ति मृत्युपश्चात् पनि जीवित रहन्छ किनभने उसको कीर्ति अमर रहन्छ। यस्तो धार्मिक मानिस दीर्घजीवी हुन्छ।"यसै धर्मको रक्षा गर्नका लागि सच्चिदानन्दस्वरूप सद्गुरुदेव परमहंस योगीराज श्री शक्तिपुत्रजी महाराजको अवतरण यस धरामा भएको हो। धर्मको रक्षा, पुनर्संरचना तथा विस्तारका लागि सद्गुरुदेवजी महाराजले **पञ्चज्योति शक्तितीर्थ सिद्धाश्रम धाम**को स्थापना गर्नुभएको हो। सन् 1990 देखि 1995 सम्म विभिन्न स्थानहरूमा ८ दिव्य महाशक्तियज्ञ सम्पन्न गरेपछि मध्यप्रदेशको ब्यौहारी अनुविभागअन्तर्गत रहेको मैकल पर्वत श्रृंखलाहरू र सिद्धाश्रम सरिताको बीचमा उहाँद्वारा सिद्धाश्रम धामको स्थापना गरियो। यसको भूमि पूजन **23 जनवरी 1997** मा सम्पन्न भयो।

सद्गुरुदेवजी महाराजद्वारा निर्मित यस सिद्धाश्रम धामलाई धर्मधुरी अर्थात् धर्मको केन्द्रविन्दु भनेर संज्ञा दिइएको छ। यहाँ दैनिक रूपमा हुने धार्मिक, आध्यात्मिक र साधनात्मक गतिविधिहरूले यस धामलाई विश्वमञ्चमा धर्मधुरीको रूपमा स्थापित गरिरहेको छ। अहिलेसम्म यहाँ समाज र विश्वकल्याणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन भइसकेका छन्, जसबाट करोडौं मानिसहरू लाभान्वित भएका कारणले गर्दा पञ्चज्योति शक्तितीर्थ सिद्धाश्रम धाममा विश्वभरबाट मानिसहरू आफ्ना अभावहरू मेट्दै आत्मकल्याण र जनकल्याणको मार्गमा अघि बढिरहेका छन्।यो तीर्थस्थल जनकल्याणका लागि एकैसाथ सञ्चालन भइरहेका अनेकौं विशिष्ट कार्यक्रमहरूको केन्द्र हो। यही विविधता नै यसको प्रमुख विशेषता हो। हाल समाजमा देखिएको विभिन्न विसंगतिहरूको उचित विश्लेषण गर्दै लोप भइसकेको भारतीय गौरवलाई पुनर्स्थापित गर्न सक्ने सम्पूर्ण विधिहरूलाई सिद्धाश्रम धाममा सद्गुरुदेवजी महाराजले पुनर्स्थापित गर्नुभएको छ।

**पञ्चज्योति शक्तितीर्थ सिद्धाश्रम**का सम्पूर्ण गतिविधिहरूलाई यदि दुई शब्दमा व्याख्या गर्ने हो भने **"साधना" र "कर्मयोग"** हो। परमपूज्य सद्गुरुदेव योगीराज श्री शक्तिपुत्रजी महाराजद्वारा स्थापित यस पुण्यभूमिमा आउने हरेक भक्तले साधनामय जीवन र कर्मयोगको प्रेरणा प्राप्त गर्दछ। यहाँ बिहान-बेलुका सम्पन्न हुने विशेष आरतीक्रमहरूमा सहभागी हुँदा मानिसहरूको मनमा स्वतः साधनात्मक वृत्ति उत्पन्न हुने निश्चित हुँदा ती क्रम दिनचर्याको अभिन्न अंश बन्न पुग्छन्। यी साधनात्मक विधिहरूलाई अंगीकार गरी लाखौँ मानिसहरू आज प्रकृतिसत्ता र गुरुसत्ताको आशीर्वाद प्राप्त गरिरहेका छन् । यसरी निःस्वार्थता, पवित्रता, परोपकार, अध्यात्म र सेवाको दिव्य भावनाहरूबाट सिद्धाश्रम धामका हरेक कण पूरित छन् जसबाट मानवताको पुनर्निर्माण निरन्तर भइरहेको छ।

**"आउँदो समयमा पञ्चज्योति शक्तितीर्थ सिद्धाश्रम धाम विश्वको धर्मधुरी बन्ने छ।"**

सद्गुरुदेवजी महाराजको यस भविष्यवाणीमा नै यस धामको सम्पूर्ण महत्त्व समाहित छ।

# 🙏 पृष्ठभूमि 🙏

**भगवती मानव कल्याण संगठन** एक जनकल्याणकारी आध्यात्मिक संगठन हो जसमा हजारौं मानिसहरूको संलग्नता रहेको छ । **माता भगवती आदिशक्ति जगतजननी जगदम्बा**सँग पूर्ण एकाकार **ब्रम्हऋषि परमहंस योगीराज श्री शक्तिपुत्रजी महाराज**द्वारा समाजलाई माता भगवतीको साधना-आराधना गराउँदै भक्ति, ज्ञान एवम् आत्मशक्तिले परिपूर्ण, नशा-मांशाहार तथा भय, भोक र भ्रष्टाचारबाट मुक्त चरित्रवान्, चेतनावान् समाजको निर्माण गर्दै धर्म रक्षा, राष्ट्र रक्षा एवम् मानवताको सेवाको कर्तव्यबोध गराउन भगवती मानव कल्याण संगठनको गठन गरिएको छ ।

परमपूज्य सद्गुरुदेव परमहंस योगीराज श्री शक्तिपुत्र जी महाराजले **सन् १९९७** मा भगवती मानव कल्याण संगठनको गठन गर्नुभएको हो ।

**वि.सं.२०६८ साल श्रावण ३२ गते** जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको यस संगठनले पछिल्लो १७ बर्ष अघिदेखि नै समाज कल्याणका लागि निरन्तर रुपमा **योग, ध्यान, साधना, वृक्षरोपण, नशामुक्ति अभियानको नारासहितका पदयात्रा, सामाजिक सचेतनाका कार्यक्रम**जस्ता अनेक कार्यहरू निःशुल्क रुपमा गर्दै आएको छ । यस्तै समाजमा व्याप्त धार्मिक आडम्बर र सामाजिक कु-संस्कार विरुद्ध जनचेतना फैलाउँदै जातिभेद, छुवाछुत, बलिप्रथा, दाइजोप्रथा, नास्तिकता, साम्प्रदायिकता, चरित्रहीनता लगायतका कु-संस्कारबाट ग्रसित मानव समाजलाई



२०८० बैशाख ५ र ६ गते नवशक्ति सिद्धाश्रम रत्नहरुको को बिशेष उपस्थितीमा दुर्गा चालिसा पाठको अनुष्ठान् समापन पश्चात




हाम्रो मूल सनातन संस्कृति, ऋषिकालीन परम्परासँग जोड्दै चेतनावान्, कर्मवान्, सामर्थवान्, आत्मवान्, परोपकारी, क्षमाशील, त्यागपूर्ण, सौर्य, साहस, पराक्रम लगायत मानवीय मूल्य मान्यताले परिपूर्णआध्यात्मिक समाज निर्माण हेतु यो संगठन सतत् सक्रिय रहेको छ ।

**'नशामुक्त नेपाल, समृद्ध नेपाल'** भन्ने मूल नाराका साथ संगठनले समाजमा जनचेतना फैलाउँदै हजारौं व्यक्तिहरूलाई नशामुक्त गराइसकेको छ । नशाको कुलतबाट ग्रसित व्यक्तिहरूमा आध्यात्मिक चेतना जगाउँदै सुधारको मार्गमा अग्रसर गराउन संगठनले कार्य गर्दै आएको छ । प्राचीन ऋषिमुनिहरूद्वारा प्रतिपादित योग, ध्यान, प्राणायाम, मन्त्रजप, अष्टांग योग लगायत नवधा भक्तिका क्रमहरू अपनाउँदै मानव जीवनको मूल्य मान्यता स्थापित गराउन संगठनले कार्य गर्दैआएको छ । सिद्धाश्रम सिरमौर युग चेतनापुरुष परमहंस योगिराज, श्री शक्तिपुत्रजी महाराजको आशीर्वाद एवम् मार्गदर्शनमा चलिरहेको यस संस्थाले तन्त्र-मन्त्र, योग, हठयोग, क्रियायोग, यज्ञ, अनुष्ठान, ज्योतिष आदि ऋषिकालीन गूढ एवम् रहस्यमयी परम्परालाई जगेर्ना गर्दै तिनको वैज्ञानिकतालाई पुनर्स्थापना गर्दै विविध क्षेत्रमा निरन्तर काम गरिरहेको छ ।


# गुरुवर श्री शक्तिपुत्रजी महाराजद्वारा संकल्प साधना शिविरमा गराईएका ११ अति महत्वपूर्ण संकल्पहरु:



# भगवती मानव कल्याण संगठनद्वारा आयोजित शक्ति साधना शिविर







|| शक्ति चेतना जनजागरण शिविरमा उपस्थित जनलहर ||

> **|| गुरुमंत्रों मुखे यस्य तस्य सिद्धयन्ति नान्यथा।**
>
> **दीक्षयागुरुपुत्रके। सर्व कर्माणि सिद्धयन्ति ||**

अर्थात जसको मुखारविन्दमा गुरूमन्त्रको बास छ उसको सर्वकर्म सिद्ध हुन्छ, अरुको हैन। गुरुदीक्षाकै कारण शिष्यको सर्वकार्य सिद्ध हुन्छ । आत्मकल्याण र जनकल्याणको पथमा अघि बढ्न चाहने नवभक्तहरुलाई शिविरमा सद्गुरुदेवद्वारा नशा-मांशाहारमुक्त चरित्रवान चेतनावान पुरुषार्थी र पकोपकारी जीवन अपनाउन तत्पर भइ धर्मरक्षा राष्ट्ररक्षा र मानवताको सेवा गर्ने संकल्प गराउँदै गुरुदीक्षा प्रदान गर्नुहुन्छ । सद्गुरुदेवजी महाराजद्वारा १३० ओटा जनजागरण शिविरहरुमा २५ लाखभन्दा अधिक भक्तहरुलाई दीक्षा प्रदान गरिसक्नुभएको छ । गुरुदीक्षा प्राप्त भएपछि गुरुले दिएको निर्देशनमा रहने र लिएका संकल्पको पालना गर्ने शिष्यको निम्ति जगतमा कुनै कार्य असम्भव छैन ।उनीहरुको चेतनाशक्ति सँधै प्रवल रहन्छ र उसको जीवन पुरुषार्थी र परोपकारी बन्छ । नशा-मांशाहार मुक्त चरित्रवान् चेतनावान् समाजको निर्माणका लागि प्रत्येक वर्ष सद्गुरुदेवद्वारा शक्ति चेतना जनजागरण शिविरको आयोजना गर्नुहुन्छ। सिद्धाश्रम धाम साथै भारतका विभिन्न स्थानमा आयोजित यस्ता विशिष्ट शिविरमा हुने दिव्य आरती क्रमको माध्यमबाट लाखौंको जीवनमा चमत्कारिक परिवर्तन देख्न सकिन्छ । जनमानसमा जागृति उत्पन्न गर्नुका साथै गुरुवरश्रीको आशिर्वाद र माँको चेतना शक्ति सम्मिलित फल प्रदान गर्ने यी साधनात्मक शिविरहरु समाजका लागि वरदानभन्दा कम छैनन् जसमा गुरुदेवको चेतनात्मक चिन्तन, दिव्य आरती क्रम र गुरुदीक्षाको लाभ प्राप्त हुन्छ ।





# नेपालमा आयोजना हुने महाआरती क्रम

हिन्दु सनातन परम्पराअनुसार र वेद पुराण शास्त्र उपनिषद् जस्ता ग्रन्थहरूमा नित्य आरतीक्रमको धार्मिक, आध्यात्मिक र सांस्कृतिक महत्वलाई विशेष प्राथमिकता दिएको पाइन्छ। कुनै पनि मठ मन्दिर, देवालय, शक्तिपीठ तथा घरमा पनि आरतीका क्रमहरू गर्ने धार्मिक तथा सांस्कृतिक परम्परा रहिआएको छ। कुनै पनि स्थानमा देवी देवताका नाममा नित्य आरती हुन्छ भने त्यस ठाउँमा नकारात्मक ऊर्जाको प्रभाव नरहने, श्रद्धा, भक्ति र आत्मा शुद्धि हुने, कर्म सिद्धान्त पूर्ण हुने, पुण्य लाभ हुने र आफ्ना इष्ट देवी देवताको निरन्तर आराधना हुने गर्दछ। त्रिकालदर्शी ऋषिमुनिहरूले कुनै पनि स्थानमा आफ्नो ऊर्जा तरङ्गका माध्यमबाट लोककल्याणकारी भावनाका साथमा आफ्ना इष्ट देवी देवताको नित्य आराधना गर्ने गर्दछन्। उक्त स्थानको ऊर्जा तरङ्गबाट समाजका विभिन्न पीडित वर्गहरु लाभान्वित भएका कयौं उदाहरणहरू शास्त्रमा वर्णित छन्। नित्य आरतीको क्रमलाई ऋषिमुनि ,योगी, तपस्वीहरूले धार्मिक अनुष्ठानका रूपमा पनि मान्ने गरेको पाइन्छ। उक्त अनुष्ठानबाट व्यक्ति मात्र नभई सम्पूर्ण समाज अनि विश्वले नै धार्मिक तथा आध्यात्मिक लाभ प्राप्त गर्ने गर्दछ। उपरोक्त क्रमको अनुसरण गर्दै माता आदिशक्ति जगत् जननी जगदम्बा श्री दुर्गा देवीलाई आफ्नो इष्ट देवी मान्दै भारतको मध्य प्रदेशस्थित जिल्ला सहडोलमा एक आश्रमको स्थापना गर्ने कार्य परमपूज्य योगीराज, ऋषिराज श्री शक्तिपुत्री जी महाराजबाट भएको छ जहाँ नित्यप्रति माँ दुर्गाको दिव्य आरती हुने गर्दछ।





परमपूज्य योगीराज श्री शक्तिपुत्रीजी महाराजले उक्त स्थानमा मूलध्वजको स्थापना गरी विगत २८ वर्षदेखि अनवरत रुपमा नित्यप्रति आरती क्रम गर्दै आउनुभएको छ। घरमै बसेर उक्त स्थानमा हुने आरतीको लाभ हरेक समाजका हरेक वर्गलाई प्राप्त होस् भन्ने उद्देश्यले देश तथा विदेशका विभिन्न जिल्लामा महाआरतीको क्रम प्रदान गर्नुभएको छ। परम पूज्य शक्तिपुत्र जी महाराजले सोही क्रम नेपाललाई पनि प्रदान गर्दै आउनुभएको छ। नेपालमा काठमाडौंको पशुपति क्षेत्रमा हरेक महिनाको पहिलो शनिबार बिहान ठिक ११ बजे हुन्छ भने काठमाडौंकै थानकोटस्थित अकलादेवी मन्दिर परिसरमा हरेक महिनाको दोश्रो शनिबार दिनको ठिक १ बजे हुने गर्दछ। काठमाडौँमा मात्र नभइ ललितपुर इमाडोलमा त्रिपुरा संगम भवनमा हरेक महिनाको अन्तिम शनिबार दिनको ठिक एक बजे हुन्छ भने काठमाडौँ बाहिरका जिल्लामा काभ्रे, कञ्चनपुर, सप्तरी र विराटनगरमा पनि महाआरतीका क्रम हुँदै आएका छन्।



# "नशामुक्त-नेपाल समृद्ध नेपाल" अभियान अन्तर्गत काठमाडौंमा आयोजित पदयात्रा



माता भगवती एबम गुरुदेवजीको आशीर्वाद स्वरुप **"नशामुक्त नेपाल-समृद्ध नेपाल"** अभियान अन्तर्गत सिद्धाश्रम रत्न श्रद्देय अजय अवस्थी ज्यूको उपस्थिति र मार्गदर्शनमा भगवती मानव कल्याण संगठन नेपालले हजारौँ व्यक्तिहरूको उपस्थितिमा नशामुक्ति जनजागरण पदयात्रा गर्ने गरेको छ। योग, ध्यान, साधना र अध्यात्मिक चिन्तनबिना व्यक्तिमा सात्विकताको विकास सम्भव छैन। हर व्यक्तिमा सात्विकताको बिजारोपण नभई समग्र समाजको सुधार हुन सक्दैन। सबैलाई सर्वविदित नै छ कि नशाजन्य पदार्थको सेवनले मानसिक तनाव, शारीरिक क्षति, पारिवारिक कलह तथा समाजिक विकृति निम्त्याईरहेको छ अर्थात् समाजमा सात्विकताको कमि र तमोगुणको वृद्धि भैरहेको छ। अन्ततोगत्वा नशाले समाजलाई पतनोन्मुख गराईरहेको छ। अतः समाजलाई यस भयानक पतनबाट जोगाई पुन ऋषिकालीन सभ्यता, संस्कृति, परम्परासगँ जोड्दै, अध्यात्मिक समाज निर्माण हेतु सङ्गठनले विभिन्न जनकल्याणकारी कार्य गर्दै आईरहेको छ।हामी सम्पूर्ण धर्मप्रेमी, राष्ट्रप्रेमी, मानवताप्रेमी जनहरुलाई सङ्गठनको विचारधारासँग जोडिएर पूर्ण अध्यात्मिक समाजको बलियो जग निर्माण गर्न आफ्नो भूमिका निर्वाहन गर्न अनुरोध गर्दछौँ।







# “एकवृक्ष–राष्ट्रको नाममा” भन्ने मूल नारासहित मेची महाकाली १ करोड वृक्षारोपण अभियान




नेपालमा जलवायु परिवर्तन, प्रदूषण, वाढी, पहिरोजस्ता प्राकृतिक विपद्का घटनालाई मध्यनजर गर्दै भगवती मानव कल्याण संगठनले **“एक–वृक्ष राष्ट्रको नाममा”** भन्ने मूल नारासहित नेपालभर १ करोड वृक्षारोपण अभियान सुरू गरेको छ। यस महाअभियानमा बौद्धिक वर्ग, मिडियाकर्मी, जनप्रतिनिधि, सामाजिक अभियन्ता, लगायत जन समुदायको उल्लेख्य उपस्थिति रहेको छ। संगठनले हालसम्म १ लाख ११ हजार भन्दा बढी वृक्षारोपण गरी तिनको निरिक्षण र संरक्षण गर्न सफल भएको छ। वन फँडानीले नेपाललाई विनाशको दिशामा लैजाँदैछ। जंगलहरू मासिँदा जलवायु परिवर्तनले थप गति लिएको छ, जसले गर्दा अत्यधिक गर्मी, अनियमित मौसम, र बाढी तथा पहिरोजस्ता प्राकृतिक विपद्हरू अझ विनाशकारी भइरहेका छन्। यस्तै पानीको संकट गहिरिँदै छ र वन्यजन्तुको वासस्थान समाप्त हुँदै छ। यो समय मौन बस्ने होइन, जिम्मेवार बन्ने हो।

**"एक वृक्ष राष्ट्रको नाममा"** अभियानले सबै नेपालीलाई एकताबद्ध गर्दै हरेक व्यक्तिलाई कम्तिमा एक रुख रोप्न आह्वान गरिरहेको छ। एउटा रूख रोप्नु भनेको केवल हरियाली थप्ने होइन, भविष्यको सुरक्षा र दीगो पर्यावरणको प्रतिबद्धता हो।हामी हरेकले एउटा रूख रोपेर हरित भविष्यको निर्माणमा योगदान दिन सक्छौं। यो सानो प्रयासले जलवायु संकट कम गर्न, प्रकोपको जोखिम घटाउन, र हरियाली नेपालको पुनःस्थापना गर्न ठूलो प्रभाव पार्ने छ। अहिलेको यो कदमले आगामि पुस्ताको सुरक्षित भविष्य सुनिश्चित गर्दछ।





# भगवती मानव कल्याण संगठनद्वारा आयोजित रक्तदान कार्यक्रम

> श्रेयांसि हि दीक्षिते धर्मेण
> श्रुतिमत्सं समाश्रिता।
> कर्मणैव च धर्ममस्ति
> धर्मः कर्मणां साक्षी।




सेवा नै धर्म हो ।।

तप, त्याग, सेवा, र सत्कर्मको प्रतिमूर्ति परमपूज्य ऋषिवरबाट निर्देशित भगवती मानव कल्याण संगठन शाखा नेपालद्वारा देशका विभिन्न भागमा रक्तदान जस्तो पवित्र कार्यक्रमहरु हुँदै आएको छ जसमा बौद्धिक वर्ग, मिडियाकर्मी, जनप्रतिनिधि, मेडिकल टिम, अभियन्ता, साधक लगायत मानवता प्रेमी जनसमुदायको उपस्थिति रही आएको छ।









# गौहत्या एवम् तस्करी रोक्न भगवती मानव कल्याण संगठनको ज्ञापन

• बि.पि. कोइराला



भगवती मानव कल्याण संगठन, नेपालले गौहत्या एवम् तस्करी रोक्न उपप्रधान एमव् गृहमन्त्री नारायणकाजी श्रेष्ठ समक्ष ज्ञापन बुझाएको छ।

भगवती मानव कल्याण संगठन, नेपालको ज्ञापनपत्र बुझ्दै मन्त्री श्रेष्ठले गौ संरक्षणका लागि यस अघि पनि कडाइ गरिएको भन्दै थप शसक्त भएर लाग्ने बताउनुभएको हो। संगठनले प्रदेशमा खाली रहेका प्राकृतिक भूमि एवम् वन-जङ्गल आसपास अनुकूल क्षेत्रको सीमा निर्धारण गरि गौ-संरक्षित क्षेत्र सञ्चालन गर्न ज्ञापनमार्फत माग गरेको छ। मन्त्री श्रेष्ठले सातै प्रदेशमा गौ-संरक्षित क्षेत्र स्थापनाका लागि पहल गर्ने बताउनुभएको छ। संगठनले देशव्यापी १०८ जनजागरण कार्यक्रम सम्पन्न गरेपश्चात गौ हत्या एवम् तस्करी रोक्न उपप्रधान एमव् गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई ज्ञापनपत्र बुझाएको हो। संगठनले ज्ञापन मार्फत गौ-संरक्षित क्षेत्र सञ्चालन गर्न छुट्टै विभागको माग समेत गरेको छ। संगठनले गौ-संरक्षित क्षेत्रमा छाडा र बेसहारा गाई-गोरु आदिलाई रेखदेख र उपचार आदिको व्यवस्था गरिनुपर्ने माग समेत गरेको छ।

नेपाल राष्ट्रकी सचिव डा. मिनु सिग्देलले नेपालको कानूनले गौ हत्यालाई पूणर्तः बर्जित गरेको भए तापनि दिनानुदिन गौ-तस्करी र हत्याको घटना बढेको भन्दै गृहमन्त्री श्रेष्ठलाई ध्यानाकर्षण गराएको बताउनुभयो। नेपालको कानूनमा गौहत्या दण्डनीय अपराध भए तापनि व्यवहारमा दण्डहीनता मौलाएको उहाँको भनाइ छ। यसैबिच नेपाल राष्ट्रका प्रचार मन्त्री नारायण सेढाईले गौहत्या एवम् गौ तस्करीलाई निरुत्साहित गर्न विशेष कार्यक्रम सञ्चालनका लागि गृहमन्त्री श्रेष्ठ सकरात्मक रहेको बताउनुभयो। भगवती मानव कल्याण संगठन समाजमा अनिति, अन्याय र अधर्मका हरेक गतिबिधिमा निगरानी गर्दै आएको उहाँले बताउनुभयो। कार्यान्वयन तहसम्म सरकारको खबरदारी गररहने प्रचारमन्त्री सेढाईको भनाइ छ।

यसैबिच उपप्रधान एमव् गृहमन्त्री नारायणकाजी श्रेष्ठले गौ-संरक्षित क्षेत्र सञ्चालन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय र वन मन्त्रालयसँग समन्वय गरेर कार्यान्वयन तहमा लैजाने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। भगवती मानव कल्याण संगठन नेपालले उठाएको मुद्दा सकरात्मक रहेको र छाडा चौपाया व्यवस्थापनमा समेत यसले सशक्त भूमिका निर्वाह गर्ने मन्त्री श्रेष्ठको प्रतिक्रिया छ। भगवती मानव कल्याण संगठनले गौ रक्षाको उद्देश्य हेतु देशव्यापी रूपमा १०८ जनजागरण कार्यक्रम सम्पन्न गरेपश्चात गृहमन्त्री श्रेष्ठ मार्फत सरकारको ध्यानाकर्षण गराएको हो।

भवगती मानव कल्याण संगठन, नेपालले पछिल्लो १५ वर्षदेखि भय, भोक र भ्रष्टाचार मुक्त समाज एवम् नशा, मांशाहार मुक्त चरित्रवान् समाज निर्माणका लागि सतत् प्रयास गर्दै आएको छ। नशामुक्त नेपाल, खुशीयाली नेपाल अभियान, नशामुक्त समाजका लागि नियमित घरदैलो अभियान, नैतिक एवम् आध्यात्मिक चेतना प्रवाहका लागि घर-घरमा साधनाक्रम, देशलाई नशामुक्त बनाउन प्रशासनलाई ज्ञापन, शान्तीपूर्ण र्‍याली लगायतका अनेकौँ समाजिक कार्यक्रम संगठनले देशका सातै प्रदेशमा सञ्चालन गर्दै आएको छ।

ooo




# अन्तराष्ट्रिय अभियन्ता एवम् सिद्धाश्रम रत्न अजय अवस्थी ज्यूको नेपाल प्रेम



डा. मिनु सिग्देल
राष्ट्रिय सचिव
भगवती मानव कल्याण संगठन नेपाल

भनिन्छ सेवा र प्रेमको कुनै सीमा हुँदैन । सेवा र सत्कर्म गर्न देशको सीमा नाँघेर पनि विश्वभर दृष्टान्त बनेका प्रशस्तै उदाहरण छन् । तर एक पृथक अन्दाज र आध्यात्मिक भावनाको नमुनाका रुपमा स्थापित हुनुभएका अजय अवस्थीको नेपाल प्रेम हामी सबैका लागि प्रेरणा बनेको छ । एक कुण्डलिनी शक्ति जागृत ऋषिको सानिध्यमा रहेर माता भगवतीको साधना गर्दै जीवन सेवामा समर्पित गर्नुभएका अजय अवस्थी ज्यूको कदमले देशको सीमा नाघेको ढेड दशक बितिसकेको छ । भारतमा लाखौँको जीवन परिवर्तन गर्न सशक्त माध्यम बनेसँगै विश्व कल्याणको भावनाका साथ पछिल्लो ढेड दशकदेखि नेपाललाई नशामुक्त देश बनाउने दृढ संकल्प छ अवस्थी ज्यूको ।

एक ऋषि एवम् सिद्ध योगी पशमहंश योगीराज श्री शक्तिपुत्रजी महाराजको निर्देशनमा ऋषित्व पथमा लम्किँदै समाजलाई सोही मार्गमा अघि बढ्न प्रेरित गर्ने क्रममा अजय अवस्थी ज्यू दुर्लभ मानिने सम्मान 'सिद्धाश्रम रत्न' बाट विभूषित भइसक्नुभएको छ ।

ऋषिमुनिहरुले तपस्थली मानिएको नेपालमा अधिकांश युवाहरु नशाको कुलतमा फसेको देखेपछि करिब १७ बर्ष अघि नै अवस्थि ज्यूले नेपालका लागि कार्य गर्ने प्रण गर्नुभएको थियो । सो पश्चात अनौपचारिक रुपमा केही वर्ष निःस्वार्थ भावले समाज हितको विविध कार्य गर्दै आएपनि वि.सं. २०६८ साल श्रावण ३२ गते नेपालमा भगवती मानव कल्याण संगठन गठन भएपछि उहाँको कार्य शैलीले नयाँ स्वरुप ग्रहण गरेको हो ।सिद्धाश्रम रत्न अवस्थी सो पश्चात् दिन दुई गुणा र रात चौगुनाको गतिमा संगठनको माध्यमबाट आफ्नो संकल्प साकारपार्न अनवरत रुपमा समर्पित रहँदै आउनुभएको छ ।

भारतमा भने यो संगठन ई.सं. १९९७ देखि सक्रिय रहेको छ। नेपाललाई नशामुक्त राष्ट्र घोषणा गरेरै छाड्ने संगठनका केन्द्रिय महासचिव अवस्थीको दृढ संकल्पले हालसम्म नेपालका हजारौँ युवाहरु नशामुक्त भइसकेका छन्। नेपालमा हाल जारी अभियान "नशामुक्त नेपाल-समृद्ध नेपाल" लाई नेपाली समाजले स्वस्फूर्त रूपमा स्वीकार मात्र गरेको छैन, मेचीदेखि महाकालीसम्म यस अभियानलाई मूर्त रुप दिनकाँधमा काँध मिलाएर निःस्वार्थ ढंगले निरन्तर लागिपरेको छ ।

अवस्थी ज्यूको पहलमा नेपालमा लाखौँको सहभागितामा २०८२ जेठ २ र ३ गते "राष्ट्र निर्माण शक्ति साधना नशामुक्ति शिविर" को आयोजना सम्भव भएको छ। जसमा दशकौँदेखि तपस्यारत माँ भगवतीसँग पूर्ण एकाकार ऋषि शक्तिपुत्रजी महाराजको भौतिक उपस्थिति रहने छ। नेपालका लागि ऐतिहासिक र दुर्लभ सिद्ध हुने यो शिविरमा हजारौँ नेपालीहरुलाई सहभागी गराएर निःशुल्क रूपमा लाभान्वित गराउन सिद्धाश्रम रत्न अवस्थी ज्यूले गरेको योगदान नेपाली इतिहासमा सदा-सदाका लागि सुनौलो अक्षरमा लेखिने छ।

सिद्धाश्रम रत्न अजय अवस्थी ज्यूको नेतृत्वमा नेपालमा एक करोड वृक्षरोपण अभियान "एक वृक्ष राष्ट्रको नाममा" जारी छ । यतिमात्र नभएर आध्यात्मिक जागरणका लागि अवस्थी ज्यूको अभिभावकत्वमा विद्यालयमा युवा आध्यात्मिक जागरण कार्यक्रम, योग ध्यान साधना, निःशुल्क आरती क्रम, घरदैलो अभियान, ५ घण्टे/२४ घण्टे अखण्ड श्री दुर्गा चालिसा पाठ जस्ता साधनात्मक कार्यक्रम जारी छ ।

# मिडिया सङ्कलन

वैदिक काल देखि नै नेपाल सनातन हिन्दु राष्ट्र हो। यो देवभूमि हो। ऋषि मुनि, योगी ,तपस्वीहरूको तपोभूमि हो। अर्कोतिर सामाजिक कुरीति, धार्मिक आडम्बर, राजनीतिक बेथिति, भ्रष्टाचार, उच्छृङ्खलता हाबी हुदै गएको आजको समयमा भगवती मानव कल्याण सङ्ठनले सनातन धर्मको पुनर्जागरण गर्न विभिन्न सामाजिक अभियान र आध्यात्मिक क्रमको जनकल्याणकारी कार्यबाट समाज र सरकारलाई सजग गराउने काम गरिरहेको छ। सङ्ठनले विभिन्न दबाबमूलक कार्यक्रम, पदयात्रा, ज्ञापनपत्र पनि दिने गरेको छ। सङठनले गरेका विभिन्न जनचेतनामूलक कार्यक्रमहरुको विभिन्न मिडियामा आएका समाचारका सङ्कलनहरु:



हाम्रो गौरव, राष्ट्रको पत्रिका

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ।

सङ्घीय बजेटको रुपरेखा

2023 May 23 Tuesday

## दुर्गा चालिसा पाठ सम्पन्न

**काठमाडौं** (गोरखापत्र), जेठ ८ गते । भगवती मानव कल्याण सङ्गठन नेपालले अखण्ड दुर्गा चालिसा पाठ सम्पन्न गरेको छ। सङ्गठनले धर्मरक्षा, राष्ट्ररक्षा र मानवताको सेवा गर्दै समाजलाई नशा–मांसाहारमुक्त, चरित्रवान् समाजको प्रेरणा प्रदान गर्ने उद्देश्यसहित पशुपति परिसरमा पाठ साधना गरिएको हो। कार्यक्रममा सङ्गठनकी केन्द्रीय अध्यक्ष पूजा शुक्लाले आध्यात्मिक गुरुले हरेक देश, काल र समय भन्दा पर रहेर ज्ञान चेतना प्रवाह गर्ने भएकाले गुरु आज्ञा पालन गर्दै कुप्रथा र कुरीति अन्त्य गर्नुपर्ने बताउनुभयो। उहाँले भगवान्को नाममा पशु बलि दिनु सबैभन्दा ठुलो अपराध हुने भन्दै बलि प्रथा अन्त्य गर्न सबै लाग्नुपर्ने पनि बताउनुभयो।

यस्तै भारतीय शक्ति चेतना पार्टीकी केन्द्रीय अध्यक्ष सन्ध्या शुक्लाले धर्मको आडमा विभाजन गराउँछ भने त्यो धर्म हुनै नसक्ने धारणा व्यक्त गर्नुभयो। सिद्धाश्रम सौरभ द्विवेदीले नेपालको धार्मिक र सांस्कृतिक गौरवशाली इतिहास भएकाले नशा मांसाहार, धर्मान्तरण, साम्प्रदायिकता जस्ता सङ्गतिलाई



## अखण्ड दुर्गा चालिसा पाठ साधना सुरु

**गोरखापत्र समाचारदाता**

काठमाडौं, जेठ ५ गते

पशुपति मन्दिर परिसरमा रहेको सुमार्गी भवनमा शुक्रबारदेखि २४ घण्टे अखण्ड दुर्गा चालिसा पाठ साधना सुरु भएको छ। शुक्रबार दिउँसो २ बजेबाट सुरु भएको पाठ शनिबार दिउँसो सम्पन्न भई दुर्गामाताको आरती पनि सम्पन्न हुने भगवती मानव कल्याण सङ्गठन नेपाल शाखाले जानकारी दिएको छ। सङ्गठनले विगत १५ वर्षदेखि घरघरमा गई दुर्गा चालिसा पाठ आरती गरी नसामुक्त, मांसहारमुक्त समाज निर्माण गरी चरित्रवान् जीवन जिउन






साप्ताहिक

गोलमेच

www.golmech.com.np/ Golmech Weekly

वर्ष : २० अंक: १३ २०८१ साल साउन १८ गते शुक्रबार (2 Aug. 2024) मूल्य रू १०/-

## नशामुक्त नेपालको जनजागरण पदयात्रा

काठमाडौं। भगवती मानव कल्याण सङ्गठनले नेपालमा भव्य नशामुक्ति जनजागरण पदयात्रा एवम् एक करोड वृक्षारोपणको आयोजना गरेको छ । सङ्गठनले काठमाडौंमा आयोजना गरेको पदयात्रामा हजारौं व्यक्तिहरु नशामुक्ति अभियानका अन्तर्राष्ट्रिय अभियन्ता सिद्धाश्रम-रत्न

तीन तहका जनप्रतिनिधी एवम् सरोकारवाला निकायलाई ज्ञापन मार्फत देशलाई नशामुक्त घोषित गर्न खबरदारी गरिने कार्यक्रम रहेको छ।

पदयात्रा काठमाडौं स्थित गोपीकृष्ण हल नजिक खोला किनारबाट शुरु भएर चाबहिल, चुच्चेपाटी, बौद्ध, जोरपाटी, पिपलबोट, चामुण्डा गेट, बाहनधारा, सर्वेश्वर


THE ANNAPURNA express

# BMKS to organize awareness rally

The Bhagwati Manav Kalyan Sangathan (BMKS) will hold the third phase of its Kathmandu Valley-level Addiction-Free Awareness rally on Nov 22 in Lalitpur. The rally, themed 'Addiction-Free Nepal, Prosperous Nepal', will start at Krishna Mandir in Patan Durbar Square, passing through key areas and concluding back at the temple. High-profile guests, including the Prime Minister, Home Min-

Annapurna express
about awareness rally
organized by BMKS Nepal


नागरिक

# भगवती मानव कल्याणको 'एक करोड वृक्षरोपण' योजना

Nagarik newspaper
about :one crore tree plantation"
initiated by BMKS Nepal


हिमालय टाइम्स

# एक करोड वृक्षारोपण अभियानको शुभारम्भ

Himalayan Times
about :one crore tree plantation"
initiated by BMKS Nepal


नागरिक

समाचार

Nagarik newspaper
about awareness rally organized
by BMKS Nepal


गोरखापत्र

# नसामुक्त पदयात्रा

गोरखापत्र समाचारदाता
काठमाडौँ, साउन २० गते

भगवती मानव कल्याण सङ्गठनले नेपाल राष्ट्रस्तरीय नसामुक्ति जनजागरण पदयात्रा सम्पन्न गरेको छ। नसामुक्त नेपाल–समृद्ध नेपालको मूल नारासहित शनिबार सङ्गठनले पदयात्रा गरेको हो। पदयात्राको माध्यमबाट तीन तहका जनप्रतिनिधि एवं सरोकारवाला निकायलाई ज्ञापनमार्फत देशलाई नसामुक्त घोषित गर्न खबरदारी गर्ने सङ्गठनले जनाएको छ। नसामुक्ति अभियानका अन्तर्राष्ट्रिय अभियन्ता सिद्धाश्रम–रत्न अजय अवस्थीलगायतले १० किलोमिटरको पदयात्रा सम्पन्न गरेका थिए।

काठमाडौँस्थित चाबहिलबाट सुरु भएको पदयात्रा चुच्चेपाटी, बौद्ध, जोरपाटी, पिपलबोट, चामुण्डा गेट, बाहुनथारा, सर्वेश्वर मन्दिर, नयाँबस्ती युवा क्लब हुँदै गुह्येश्वरी क्षेत्रमा पुगेर समापन भएको थियो।

Gorkhapatra
about awareness rally
organized by BMKS Nepal


राजधानी

प्रदेश

● नशामुक्त नेपालका लागि जनजागरण पदयात्रा

Rajdhani
about awareness rally
organized by BMKS Nepal

गोरखापत्र

# दुर्गा चालिसा पाठ सम्पन्न

**काठमाडौं** (गोरखापत्र), माघ ७ गते । भगवती मानव कल्याण सङ्गठनले राष्ट्र रक्षाको कामनासहित अखण्ड २४ घण्टे श्री दुर्गा चालिसा पाठ सम्पन्न गरेको छ । सङ्गठनले काठमाडौंको पुतलीसडकस्थित पद्मोदय माध्यमिक विद्यालयमा कार्यक्रम सम्पन्न गरेको हो ।

सङ्गठनले आगामी वैशाखमा हुने अन्तर्राष्ट्रियस्तरको विशाल शिविरको पूर्वतयारीस्वरूप राष्ट्ररक्षाको कामनासहित कार्यक्रम आयोजना गरेको सङ्गठनकी सचिव डा. मिनु सिग्देलले जानकारी दिनुभयो । सङ्गठनका महासचिव सिद्धाश्रम रत्न श्रद्धेय अजय अवस्थीले समस्त मानव जातिको मूल लक्ष्य आध्यात्मिक चेतना प्राप्त गर्नुभएको भन्दै ऋषि परम्परालाई आत्मसात् गर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

हिमालय टाइम्स
२०८१ साउन २० आइतबार
Sunday 4 August 2024

# नशामुक्त नेपालका लागि जनजागरण पदयात्रा सम्पन्न

हिमालय टाइम्स



अन्नपूर्ण पोस्ट
६ अन्नपूर्ण annapurnapost.com आइतबार २० साउन २०८१ SUNDAY, AUGUST 4, 2024

# नशामुक्त नेपालका लागि जनजागरण पदयात्रा



**काठमाडौं** (अन्नपूर्ण) : भगवती मानव कल्याण संगठनले नेपाल राष्ट्रस्तरीय नशामुक्ति जनजागरण पदयात्रा सम्पन्न गरेको छ। 'नशामुक्त नेपाल-समृद्ध नेपाल'को मूल नारासहित संगठनले पदयात्रा गरेको हो। पदयात्राको माध्यमबाट तीन तहका जनप्रतिनिधि एवं सरोकारवाला निकायलाई ज्ञापनमार्फत देशलाई नशामुक्त घोषित गर्न खबरदारी गर्ने संगठनले जनाएको छ।

नशामुक्ति अभियानका अन्तर्राष्ट्रिय अभियन्ता सिद्धाश्रम रत्न अजय अवस्थी र जनप्रतिनिधिको साथमा सयौं व्यक्ति १० किलोमिटर लामो पदयात्रामा सहभागी भएका थिए। कार्यक्रमअन्तर्गत नशामुक्त नेपालका लागि गरिएको हस्ताक्षर संकलनमा हजारौंले हस्ताक्षर गरेर समर्थन जनाएका थिए। पदयात्रा काठमाडौंस्थित चावहिलबाट सुरु भएर चुच्चेपाटी, बौद्ध, जोरपाटी, पिपलबोट, चामुण्डा गेट, बाहुनधारा, सर्वेश्वर मन्दिर, नयाँबस्ती युवा क्लब हुँदै गुहेश्वरी क्षेत्रमा पुगेर समापन भएको थियो। अवस्थीले देशको समृद्धिमा हरेक किसिमका नशाजन्य पदार्थ बाधक भएको भन्दै समृद्धिका लागि सरकारले देशलाई नशामुक्त गर्न ढिलाइ गर्न नहुने बताए। संगठनले १६ वर्षदेखि नशामुक्ति अभियानमा सक्रिय रुपमा कार्य गर्दै आएको स्मरण गर्दै उनले नेपालमा हालसम्म ५ हजार परिवारलाई नशामुक्त गरिसकेको दाबी गरे। नशामुक्त जीवन अपनाऔं, जीवन आफ्नो सफल बनाऔं, अघि बढौं दाजुभाइ-नशामुक्त बन्नलाई, सारा नेपाली के भन्छ ? नशामुक्त देश ल्याउ भन्छ जस्ता नारा लगाउँदै पदयात्रा गरिएको थियो।

हिमालय टाइम्स
Sunday 19 January 2025

# राष्ट्ररक्षाको कामनासहित अखण्ड २४ घण्टे श्री दुर्गा चालिसा पाठ

हिमालय टाइम्स



साप्ताहिक गोलमेच
www.golmech.com.np/ Golmech Weekly
वर्ष : २० अंक: ४४ २०८१ साल साउन २५ गते शुक्रबार (9 Aug. 2024) मूल्य रु. १०/-

# जनजागरण पदयात्रा सम्पन्न

काठमाडौं । भगवती मानव कल्याण सङ्गठनले नेपाल राष्ट्र स्तरीय नशामुक्ति जनजागरण पदयात्रा सम्पन्न गरेको छ । नशामुक्त नेपाल-समृद्ध नेपालको मूल नारासहित संगठनले पदयात्रा गरेको हो । पदयात्राको माध्यमबाट तीन तहका जनप्रतिनिधि एवम् सरोकारवाला निकायलाई ज्ञापन मार्फत देशलाई नशामुक्त घोषित गर्न खबरदारी गर्ने संगठनले जनाएको छ । पदयात्रामा हजारी व्यक्तिहरू नशामुक्ति अभियानका अन्तर्राष्ट्रिय अभियन्ता सिद्धाश्रम-रत्न श्रद्धेय श्री अजय अवस्थीज्यू र नेपाल सरकारका जनप्रतिनिधिहरूको साथमा १० किलोमिटरको पदयात्रामा सहभागी भएका थिए । कार्यक्रम अन्तर्गत नशामुक्त नेपालका लागि गरिएको हस्ताक्षर संकलनमा हजारौंले हस्ताक्षर गरेर सहमति जनाएका छन् । पदयात्रा काठमाडौं स्थित चावहिलबाट




शुरु भएर चुच्चेपाटी, बौद्ध, जोरपाटी, पिपलबोट, चामुण्डा गेट, बाहुनधारा, सर्वेश्वर मन्दिर, नयाँबस्ती युवा क्लब हुँदै गुहेश्वरी क्षेत्रमा समापन भएको थियो । नशामुक्त जीवन अपनाऔं-जीवन आफ्नो सफल बनाऔं, अघि बढौं दाजुभाइ-नशामुक्त बन्नलाई, सारा नेपाली के भन्छ ! नशामुक्त देश ल्याउ भन्छ, भगवती मानव कल्याण संगठन-सत्य धर्मको रक्षक हो लगायतका नारासहित हजारौंको उपस्थिति रहेको थियो ।

कार्यक्रमको समापन समयमा बोल्दै सिद्धाश्रम रत्न श्री अजय अवस्थीज्यूले देशको समृद्धिमा हरेक किसिमका नशाजन्य पदार्थ बाधक भएको भन्दै समृद्धिका लागि सरकारले देशलाई नशामुक्त गर्न ढिलाइ गर्न नहुने बताउनुभयो । संगठनले विगत

(बाँकी अन्तिम पृष्ठमा)

अन्नपूर्ण पोस्ट
annapurnapost.com





# राष्ट्र रक्षाको कामनासहित २४ घण्टे दुर्गा चालिसा पाठ



# महाआरती

## थानकोट
प्रत्येक महिनाको दोश्रो शनिबार, दिउँसो १ बजे
स्थान: थानकोट चेकपोष्ट, अकलादेवी मन्दिर
सम्पर्क: डा. मिनु सिग्देल, ९८४१२७४५२७

## सप्तरी
प्रत्येक महिनाको दोश्रो शनिबार, विहान ११ बजे
स्थान: सर्वोदय मा.वि. कञ्चनपुर, सप्तरी
सम्पर्क: योगेश श्रेष्ठ, ९८०४३३५९२९

## काभ्रे
प्रत्येक महिनाको तेस्रो शनिवार, दिउँसो १ बजे
स्थान: उग्रचण्डी भगवती देवानन्द सत्तल संरक्षण समिति
सम्पर्क: नवराज सन्जेल , ९८४११००८३३

## विराटनगर
प्रत्येक महिनाको तेस्रो शनिवार, विहान ११ बजे
स्थान: दुर्गा मन्दिर, बखरी
सम्पर्क: राम प्रसाद श्रेष्ठ ९८०७०२८६८२

## महेन्द्रनगर
प्रत्येक महिनाको दोश्रो शनिबार, दिउँसो १ बजे
स्थान: भिमदत्त न.पा.-१८, कटान बरपिपल राधाकृष्ण मन्दिर हल, कञ्चनपुर
सम्पर्क: गणेश जोशी, ९८५११५ ६७७९

## ललितपुर
प्रत्येक महिनाको अन्तिम शनिबार दिउँसो१ बजे
त्रिपुरसंगम सामुदायिक भवन (तेस्रो तला) हनुमन्तेपुल,
बाक्लोगाउँ, इमाडोल, ललितपुर
सम्पर्क: सुनिता कोइराला ९८४१७६२०४३

## काठमाडौं
प्रत्येक महिनाको प्रथम शनिबार, विहान ११ बजे
स्थान: सुमार्गी भवन, पशुपति परिसर, काठमाडौं
सम्पर्क: नारायण सँढाई, ९८५१०१४५५८













**श्री दुर्गा चालिसा पाठ मन्दिरमा स्थापित चैतन्य प्रतिमाहरु**





**श्री दुर्गा चालिसा पाठ** - धर्मग्रन्थमा वर्णित नवदा भक्तिको दोश्रो सोपान - **कीर्तन**कै एक रुप हो, जसको माध्यमबाट ईष्टदेवको नाम, गुण, लीला अनि महिमाको गुणगान गरिन्छ जसको श्रवण मात्रले पनि हृदयमा दिव्य कम्पन उत्पन्न हुन्छ र सहजै भक्ति जागृत हुन्छ। श्री दुर्गा चालिसाको प्रत्येक शब्द मन्त्र समान पवित्र, पावन र दिव्य छ ।

श्री दुर्गा चालिसा पाठ पञ्चज्योति शक्तितिर्थ सिद्धाश्रम धामको मध्यभागमा स्थित श्री दुर्गा चालिसा पाठ मन्दिरमा **२०५४ साल वैशाख २ गते (1997 april 15)** बाट अखण्ड अनुष्ठानका रुपमा अनन्तकाल सम्मका लागि चलिरहेको छ जसको उर्जा प्रत्येक पल बढिरहन्छ।

सोहि क्रमको उर्जालाई जनजनमा पुर्याउन टिमप्रमुखको माध्यमबाट घरघरमा २४ घण्टे, ५ घण्टे श्री दुर्गा चालिसा पाठ र आरतीक्रम नि:शुल्करुपमा आयोजना गर्न सम्पर्क गर्न सक्नुहुन्छ।













BmksNepal Official

BMKS

bmksnepalofficial

BMKS Nepal

@bmksnepal

+977-9767285050

# भगवती मानव कल्याण संगठन, नेपाल


सुविधानगर-32, काठमाडौं

01-5920988, 9767285050| www.bmksnepal.com